परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक ४७ २०८० अषाढ २४ गते आईतवार Sunday 9, JUL 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मगही भाषा, लोक कला, साहित्य, संस्कृति र संस्कारको संरक्षण गर्न आवश्यक




विराटनगर। कोशी प्रदेश सभा सांसद माननीय रामप्रसाद मेहताले मगही भाषा, लोककला, साहित्य, संस्कृती र संस्कारलाई संरक्षण गर्न आवश्यक रहको भन्दै नयाँ पिढिका यूवाहरुले त्यसको संरक्षणमा लाग्नु पर्ने वताएको छ।

भाषा संस्कृति प्रतिष्ठनले आयोजनामा शुरु भएको मगही भाषा, मगही साहित्य, मगही संस्कृति र संस्कार सम्वन्धी अषाढ १८ र १९ गते (दुई दिन) गोष्ठीको प्रमुख अतिथी मेहताले समुद्घाटन गर्दै सो कुरा वताएको हो। अहिलेको यूवाहरुले पश्चिमी पहिरणका लुगाहरु लगाउने पश्चिमी भाषा अनुसरण गर्ने लगायतको प्रचलन बढ्दै गएकोले त्यसलाई रोक्न यूवाहरु संचेत हुनु पर्ने वहांले धारण व्यक्त गरेका थिए।

त्यसैगरी कोशी प्रदेशका माननीय जय प्रकाका चौधरीले देशको विकास र समृद्धि गर्ने हो भने सव भन्दा देशभित्र रहेका जातजातिहरुको भाषा, संस्कृती र संस्कारलाई संरक्षण सरकारले गर्नुपर्ने वताउदै त्यसको लागि आ-आफ्नो जातजातिका यूवाहरुले सरकारलाई घचघचाई राख्नुपर्ने वताए।

कोशी प्रदेशको माननीय ललिता चौधरीले भने भाषा, संस्कृति र संस्कारको संरक्षण अरु कसैले गरी दिदैन स्वय त्यही जातिको यूवाहरुले संरक्षणमा लागे मात्र सम्भव छ। आ-आफ्नो जातजातिहरुले भाषा, संस्कृति र संस्कार संरक्षणमा लागे सरकारले पनि सहयोग गर्ने विश्वास व्यक्त गरेका थिए।

सामाजिक अभियन्ता मिथीला रत्न बसुन्धराले नेपालमा वोलिने सबै जातिको भाषा, संस्कृति र संस्कारको संरक्षण हुनुपर्ने भन्दै तराई मधेशमा वोलिने खासगरी मगही, मैथली, भोजपुरी, अवधी लगायतको भाषाहरुको अभियन्ताहरुले एक अर्कालाई प्रतिस्पधी नठानी सबै मिलेर एकअर्कोलाई सहयोग गरेर अगाडी वढ्नु पर्ने वताए।

दुई दिने कार्यशाला गोष्ठीमा मगही भाषा, मगही लोककला, मगही साहित्य र मगही संस्कार र संस्कृति सम्वन्धी चारवटा कार्यपत्रहरु प्रस्तुत हुने छ। जस मध्ये आज मगही अभियन्ता डा. वीर

वांकी अन्तिम पेजमा...

## सुन्दरहरैचाका लेखा प्रमुख घुस सहित रंगेहात पक्राउ

सुन्दरहरैाचा। मोरङको सुन्दरहरैंचा नगरपालिकाका लेखा अधिकृत दुई लाख रूपैयाा घुस सहित रंगेहात पक्राउ परेका छन्।

अखितयार दुरूपयोग अनुसन्धान आयोग इटहरी कार्यालयबाट खटिएको टोलीले सुन्दरहरैंचा नगरपालिकाका लेखा अधिकृत शेखर ढकाललाई घुस रकम सहित पक्राउ गरेको थियो।

अख्तियारको टोलीले ढकाल लाई कार्यकक्षबाटै पक्राउ गरेको थियो। ढकालले सेवाग्राहीसंग दुई लाख रूपैयाा घुस लिइसकेको अवस्थामा अख्तियारको टोलीले पक्राउ गरेको थियो। उनी माथि अनुसन्धान भैरहेको आयोगले जनाएको छ।

सुन्दरहरैाचा नगरपालिकाका नगर प्रवक्ता रोशनप्रसाद ढकालले लेखा प्रमुख ढकाललाई अख्तियारको टोलीले नियन्त्रणमा लिएको पुष्टि गर्दै यस बारेमा अनुसन्धान भएर थप विवरण आउन बााकी रहेको उल्लेख गरेका छन् ।

## समाजवादी मोर्चाको आचार संहित बनाउन कार्यदल गठन

विराटनगर। समाजवादी मोर्चाले आगामी नीति र आचारसंहिता बनाउन चार सदस्यीय कार्यदल गठन गरेको छ।

एकीकृत समाजवादी पार्टीको केन्द्रीय कार्यालय आलोकनगरमा शनिवार बसेको बैठकले नेकपा एकीकृत समाजवादी पार्टीका उपाध्यक्ष रमेश हमाल, नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङ, जनता समाजवादी पार्टीका नेता राजेन्द्र श्रेष्ठ र नेकपा नेता खड्गबहादुर विश्वकर्मा सदस्य रहेको कार्यदल गठन गरेको मोर्चाका नेता राजेन्द्र पाण्डेले जानकारी दिए।

चार जनाको कार्यदल बनेको छ।' उनले भने 'सामान्यतया मोर्चाको अध्यक्षता ६-६ महिनामा गर्ने भन्ने समजदारी छ।'

२७ गतेसम्ममा कार्यदलले अध्यक्षताको मोडालिटी, मोर्चाको आगामी नीति तथा कार्यक्रम र आचारसंहिता बनाउने छ। उनले मोर्चाको

वांकी अन्तिम पेजमा...






## मगही...

बहादुर महतोले मगही लोककला र मगही भाषाको इतिहास सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। जसमा प्रा.डा बद्री विशाल पोखरेल र स्वतन्त्र पत्रकार यज्ञ शर्माले टिप्पणी गरेका थिए।

उक्त गोष्ठीमा कोशी प्रदेश सभा सांसद गितारानी महतो, वृहत मधेशी नागरिक समाजका कोषध्यक्ष योगेन्द्र प्रसाद यादव, डा. महेन्द्र नारायण यादव महेन्द्र मोरंग आदर्श वहुमुखी क्याम्पस पुर्व प्रमुख लगायत दर्जनौ प्राध्यापक, पत्रकार, वुद्धिजीव, शिक्षक र मोरंग, झापा, सुनसरीका मगही भाषा अभियन्ताहरु लगायतको सहभागीता रहेको थियो।

भाषा संस्कृति प्रतिष्ठानका अध्यक्ष जय प्रकाश महतोको अध्यषतामा भई रहको गोष्ठीमा मंगलवार अध्यक्षको मगही संस्कार र संस्कृति सम्वन्धी कार्यपत्र र पत्रकार श्याम सुन्दर सुतिहारको मगही भाषा मे संस्कृति आर संस्कार विषयको कार्यपत्र प्रस्तुत गरी सहभागीहरुसंग छलफल गरी, सुझाव लिई कार्यक्रम सम्पन्न हुनेछ।

## समाजवादी...

अर्को बैठकले अध्यक्षताका सन्दर्भमा मोडालिटी नबनाउंदासम्म नेकपा एसका अध्यक्ष माधव नेपालले बैठकको अध्यक्षता गर्ने नेकपा एसका उपाध्यक्ष समेत रहेका पाण्डेले बताए।

मोर्चा गठन भएको २३ दिनपछि बसेको बैठकले सातै प्रदेशमा कार्यक्रम गर्ने भएको छ। कार्यक्रम कहिले हुने भन्ने निर्णय भने २७ गते घोषणा हुने पाण्डेले जानकारी दिए।

## २७ दिनको...

मानिन्छ। यस्तो अप्रेसन गर्ने क्रममा झण्डै ४० प्रतिशत बच्चाहरूको ज्यान जाने भएकाले यो जटिल अप्रेसन मानिने चिकित्सकहरू बताउँछन्।

अप्रेसन सफल भएर जोखिम टरेपछि बिरामीका आफन्त हर्षित छन्। जटिल अवस्थामा पुगेको छोरा निको भएको भन्दै आमा गिताले खुसी व्यक्त गरिन्। उनले पहिलो सन्तानका रुपमा सुरभलाई जन्म दिएकी हुन्। शिशुको स्वास्थ्य अवस्था सामान्य बनेपछि उनलाई डिस्चार्ज गरिएको अस्पतालले जनाएको छ।

## इन्सेकको...

कोशी प्रदेशलाई मुख्य न्यायाधीवक्ताको कार्यालय, कोशीप्रदेश विराटनगरमार्फत १५ दिनभित्र लिखित जवाफ पेश गर्न समय उपलब्ध गराएको छ।

मोरङ कारागारमा रहेका कैदीबन्दीहरूको आधारभूत मानव अधिकार रक्षा र कारागारको अवस्था सुधार गर्न मागगर्दै इन्सेक कोशीप्रदेश कार्यालय, विराटनगरले सरकारविरूद्ध उच्चअदालत, विराटनगरमा असार २० गते रिट दायर गरेको थियो।

इन्सेकको रिटमा असार २१ गते वरिष्ठ अधिवक्ता रमेश कोइराला, अधिवक्ताहरू डिल्लीप्रसाद दाहाल, कोषराज न्यौपाने, अनिल खड्का, रूकमिण दाहाल र सोमराज थापाले बहस गरेका थिए।

मोरङ कारागारमा रहेका कैदीबन्दीहरूको शङ्कास्पद मृत्यु घटनामा पोष्टमार्टम नहुने, कैदीबन्दीको मृत्यु घटनामा छानविन समितिले प्रतिवेदन सार्वजनिक नगर्ने, कारागारमा क्षमता भन्दा तीन गुणा बढी कैदीबन्दी राखिएका कारण उनीहरू आधारभूत अधिकार बाट वञ्चित भएकाले सरकारको ध्यानाकषर्ण र कारागार सुधारका लागि उच्च अदालत, विराटनगरमा इन्सेकले रिट दायर गरेको हो।

उच्चअदालत, विराटनगरमा इन्सेकले उक्त रिटमा संविधान को धारा १६ को उपधारा (१) बमोजिम प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्नपाउने हक, नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ को उपधारा (१) मा प्रत्येक मानवको बाँच्नपाउने अधिकार को उचित सम्बोधन गर्न माग गरिएको छ।

रिटमानागरिक तथा राजनीतिकअधिकार सम्बन्धीअन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १० को उपधारा (१) मा कारागारका बन्दीहरू लाई मानवोचितव्यवहार गरिनु पर्दछ भनिगरिएको व्यवस्थामोरङ, कारागारमाविषयमालागू नभएको उल्लेख गरिएको छ।

३ सयजनाको क्षमताभएको मोरङ कारागार मा १ हजार भन्दा बढी बन्दी राखिएका कारण उनीहरू आधारभूतअधिकारबाट वञ्चितहुनु परेको, कारागार भित्रका नाइके, भाइनाइकेको यातना सहनु परेको, कारागार भित्र हुने कालोबजारीका कारण कैदीबन्दी उपभोक्ता अधिकारबाट समेत वञ्चित भएकाले सरकारविरूद्ध रिट दायर गरेको इन्सेक कोशी प्रदेशका संयोजक तथा अधिवक्ता सोमराजथापाले बताए। नेपालको संविधानको धारा १४४ को उपधारा (१) र (२), न्यायप्रशासन ऐन, २०७३ को दफा ८ तथा उच्चअदालत नियमावली, २०७३ को नियम ४१ बमोजिम रिट निवेदनदायर गरिएको इन्सेकका कोशीप्रदेश संयोजक थापाको भनाइ छ। हाम्रोमतबाट सभार

NO SMOKING







### चट्याङको समयमा सतर्क रहौं

चट्याङबाट बच्ने उपाय :

- बिजुली चम्केको वेला सर्तकता अपनाउने,
- विद्युतीय तरंग टिप्न सक्ने फलास चिसो बस्तु नछुने,
- बिजुली चम्केको केही समय सम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घर भित्रै झ्याल ढोका बन्द गरेर सुख्खा ठाउंमा बस्ने,
- खुला ठाउंमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यानडल, चेन भएका व्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### कोशी प्रदेश सरकार झमेलामा

कोशी प्रदेश सरकार गठनमा झमेला शूरु भएको छ। प्रदेशको निर्वाचन पछि स्पष्ट बहुमत कुनै पार्टीको नभएपछि चार दल मिलेर नेपाल कम्युनिष्ट पार्टी एमालेको नेतृत्वमा सरकार गठन भएको थियो। हिकमत कुमार कार्की मुख्य मन्त्री रहको सरकारवाट जनता समाजवादी पार्टी र माओवादी केन्द्रले विश्वासको मत फिर्ता लिएपछि प्रदेश सरकार अल्पमतमा परी ढलेको थियो। अहिले पुन : नेपाली कांगेसको नेतृत्वमा माओवादी केन्द्र, नेकपा एकिकृत समाजवादी, जनता समाजवादी पार्टीको समर्थनमा शान्त स्वभावका काँग्रेसका कोशी प्रदेश सभापति समेत रहेका उद्धब थापा कतिपय संवैधानिक विवादबीच कोशी प्रदेशको पाँचौं मुख्यमन्त्री नियुक्त भएका छन्।

सभामुखमा निर्वाचित भएपछि दल त्यागको घोषणा गरेका बाबुराम गौतमले पनि थापालाई प्रदेशसभा सदस्यको रुपमा मुख्यमन्त्री बनाउन हस्ताक्षर गरेर विवादमा परेका छन्। गौतमको विवाद सर्वोच्च सम्म पुगी सकेको छ। अदालती विवाद समाधान भएपनि संविधानको धारा १६८ को उपधारा २ अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा मुख्यमन्त्री बनेका थापालाई अबको ३० दिनभित्र प्रदेशसभामा बुहमत सिद्ध गर्नुपर्ने चुनौती छ। जसका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थन उनका लागि जरूरी हुनेछ। यो काम उनका लागि सबैभन्दा सकसपूर्ण हुने सम्भावना छ।

सत्ता गठबन्धनका दलहरू नेपाली कांग्रेस (२९), नेकपा माओवादी केन्द्र (१२), नेकपा एकीकृत समाजवादी (४) र जनता समाजवादी पार्टी (१) को समर्थनमा प्रदेश प्रमुख पर्शुराम खापुङले थापालाई नेपालको संविधानको धारणा १६८ को उपधारा २ बमोजिम बिहीबार मुख्यमन्त्री नियुक्त गरेका हुन्। यो सरकार पनि विश्वासको मत लिन सक्ने अवस्था छैन। त्यसैले कोशी प्रदेश कि त मध्यावधीमा जानुपर्छ कि त सर्वदलिय सरकार गठनको प्रक्रिया अगाडी वढाउनु पर्न वा कांग्रेस एमाले मिलेर सरकार वनाउनुको विकल्प छैन।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु** होला। **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# इन्टरनेटमा महिला : कमजोर पहुँच बढ्दो हिंसा र जोखिममा गोपनीयता

संयुक्त राष्ट्रसंघको सूचना र सञ्चारप्रविधिको लागि विशेष एजेन्सी इन्टरनेशनल टेलिकम्युनिकेशन युनियन (आईटीयू) को सन् २०२२ नोभेम्बरको तथ्यांक अनुसार विश्वमा अहिले पनि पुरुषको तुलनामा ६ प्रतिशत कम महिलामा इन्टरनेटको पहुाच छ। नेपाल जस्ता अल्पविकसित देशहरूमा यो विभाजन अझ बढी फराकिलो छ। ती देशमा बस्ने ३० प्रतिशत महिलाले मात्रै इन्टरनेट प्रयोग गरिरहेका छन् जुन पुरुषका तुलनामा १३ प्रतिशतले कम हो। अफ्रिकामा महिला र पुरुषको इन्टरनेट पहुाच प्रतिशत क्रमश: ३४ र ४५ प्रतिशत छ भने अरब राज्यहरूमा ६५ र ७५ प्रतिशत।

विकासका अन्य मानकको आधारमा हेर्ने हो भने नेपालमा इन्टरनेटको पहुाच तुलनात्मक रूपमा राम्रो छ। दूरसञ्चार प्राधिकरणको २०७९ फागुनको एमआईएस प्रतिवेदन अनुसार नेपालको ९३ प्रतिशत जनसंख्यामा मोबाइल ब्रोडब्यान्ड इन्टरनेट सुविधा उपलब्ध छ। जबकि तार जडित ब्रोडब्याण्ड पनि ३९ प्रतिशत छ। यद्यपि नेपालमा इन्टरनेटको उपलब्धता र प्रयोगको अवस्थाको बारेमा लैङ्गिक किसिमले तयार गरेको तथ्यांक पाइादैन।

डिजिटल अधिकारको कुरा गर्दा इन्टरनेटको उपलब्धता र पहुाच एक महत्वपूर्ण पक्ष हो। त्यसैले माथि उल्लिखित तथ्यांक छुटाउनै नमिल्ने विषय हुन्। इन्टरनेट उपलब्ध हादैमा पहुाच पुगेको छ भन्न मिल्दैन। पहुाचको कुरा गर्दा इन्टरनेटको उपलब्धता, इन्टरनेट चलाउन डिभाइसको पहुाच, इन्टरनेट वा डाटा किन्न सक्ने क्षमता, इन्टरनेटको गुणस्तर, इन्टरनेट चलाउने सीप आदि विषय समष्टिगत रूपमा आउाछन्।

काठमाडौं उपत्यकाका सबैजसो स्थानमा गुणस्तरीय इन्टरनेट उपलब्ध भएको भए पनि उपत्यकामा बस्ने सबैले गुणस्तरीय इन्टरनेट सेवा उपयोग गरेका छन् भन्न सकिंदैन। कतिपय परिवारमा इन्टरनेट चल्न सक्ने मोबाइन फोन छैन, कतिपयले मोबाइल फोन भए पनि डाटा किन्न सक्ने आर्थिक स्रोत छैन। इन्टरनेट चलाउन सक्ने सीप नभएको कारणले पनि इन्टरनेटको पहुाचबाट वञ्चित हुनुपर्ने अवस्था छ।

संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्ले सन् २०१६ मा इन्टरनेटको माध्यममा मानवअधिकार संरक्षणको सन्दर्भमा जारी गरेको प्रतिज्ञापत्रमा अफलाइनमा विश्वव्यापी घोषणापत्र १९४८ ले पहिचान गरेका सबै अधिकार अनलाइनमा सुरक्षित हुनुपर्छ भनेर व्याख्या गरेपछि मात्रै डिजिटल अधिकारको दायरा फराकिलो भएको हो।

डिजिटल अधिकारको सन्दर्भमा संयुक्त राष्ट्रसंघले अनलाइन स्पेसको लागि नयाा अधिकार परिभाषित गर्न खोज्नुको सट्टा आम नागरिकले बुझेका मानवअधिकारका विषयहरूको सम्बन्ध भएसम्म अनलाइनमा संरक्षणको अवधारणा अगाडि बढाएको देखिन्छ।

अभ्यासको दृष्टिले डिजिटल अधिकारमा इन्टरनेटको पहुाच सागसागै अनलाइन स्पेसमा मानवअधिकारको प्रयोग, अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता संरक्षण र तथ्यांकको सुरक्षा लगायत महत्वपूर्ण विषय पनि पर्दछन्। डिजिटल अधिकार त्यस्ता मानवअधिकार र कानुनी अधिकार हुन्, जसले व्यक्तिलाई डिजिटल मिडिया र माध्यममा पहुाच कायम गर्न, प्रयोग गर्न, सिर्जना गर्न र प्रकाशित गर्न वा कम्प्युटर लगायत अन्य इलेक्ट्रोनिक उपकरण र दूरसञ्चार नेटवर्कहरूमा पहुाच पुऱ्याउन र प्रयोग गर्न पाउने कुराको सुनिश्चित गर्दछ।

लैङ्गिक दृष्टिले डिजिटल अधिकारको कुरा गर्दा विश्वव्यापी रूपमै महिलाहरू पछि छन् र नेपालको अवस्था पनि समान छ। महिलाहरूको आर्थिक पहुाच विश्वव्यापी रूपमै कम भएकाले उनीहरूको इन्टरनेटको पहुाचमा पनि कमी छ।

अर्कोतर्फ महिलाहरूले इन्टरनेटको माध्यमबाट अभिव्यक्त गर्ने विचार र धारणाको कारण महिलाप्रति लक्षित घृणाजन्य प्रतिक्रिया, गालीबेइज्जती पनि बढी छ। अनलाइनमा महिला माथि हिंसा बढेको छ भने विभिन्न कारणले महिलाको गोपनीयता जोखिममा परेको छ।

इन्टरनेट द्रुत गतिमा अगाडि बढिरहेको डिजिटल संसारमा महिलाको डिजिटल अधिकारको संरक्षण, लैङ्गिक समानता र सशक्तीकरणलाई प्रवर्द्धन गर्ने एक आवश्यक पक्ष भएको छ। महिलाहरूले आफूलाई अभिव्यक्त गर्न, सूचनामा पहुाच स्थापित गर्न र विभिन्न क्षेत्रमा सहभागी हुने अपार अवसरहरू इन्टरनेटले उपलब्ध गराउन सक्छ। साथै इन्टरनेटको उचित प्रयोग नहुादा अनौठो चुनौती र जोखिम पनि देखा पर्न सक्छन्।

यो विषयको महत्वलाई ध्यानमा राखेर यस वर्ष महिलाको स्थिति सम्बन्धी संयुक्त राष्ट्रसंघको आयोग र युएन वुमनले डिजिटल असमानता विरुद्ध लड्न, लैङ्गिक विभाजनलाई कम गर्न र महिला सशक्तीकरणका लागि डिजिटल आविष्कार र प्रविधि साथ रहनुपर्ने भावको नारासहित अन्तर्राष्ट्रिय महिला दिवस ८ मार्च मनाएका थिए।

यस लेखमा पनि महिलाको डिजिटल अधिकार र तिनलाई सम्बोधन गर्ने आवश्यकतासाग सम्बन्धित केही प्रमुख मुद्दाहरूमा चर्चा गरिएको छ:

डिजिटल लैंगिक विभाजन: नेपालमा डिजिटल लैङ्गिक विभाजनको अवस्था स्पष्ट छ। राष्ट्रिय जनगणना २०७८ अनुसार अझै पनि १७ प्रतिशत नेपालीले आफूसाग कुनै पनि प्रकारको मोबाइल फोन छैन भनेका छन्। त्यसको लैङ्गिक तथ्यांक त छैन तर अभ्यास र अवलोकनका दृष्टिले ती अधिकांश महिला भएको अनुमान गर्न सकिन्छ। पुरुषको तुलनामा महिलाको डिजिटल प्रविधि, इन्टरनेट जडान र डिजिटल साक्षरतामा पहुाचको कमी छ। यो विभाजनले डिजिटल क्षेत्रमा महिलाहरूको सहभागिता र त्यसबाट प्रतिफल लिने अवसरलाई सीमित गर्दछ। यसले सूचनामा उनीहरूको पहुाचलाई नियन्त्रित गर्दछ र सशक्तीकरणमा समेत बाधा पुऱ्याउाछ।

अनलाइन उत्पीडन र हिंसा: नेपाली महिलाले अक्सर अनलाइन हिंसा, साइबर बुलिङ र धम्कीहरू अनुभव गर्ने गर्दछन्। यो अनुभव घरायसी काम गर्ने महिलादेखि व्यावसायिक जीवनमा रहेका महिलामा समेत उत्तिकै छ। गैरसरकारी संस्था मिडिया एड्भोकेसी ग्रुपले गरेको एक अध्ययनले नेपालमा काम गर्ने ८९ प्रतिशत पत्रकार महिलाले आफैंले अनलाइनमा हिंसा भोगेको बताएका छन्। यस्तो हिंसाले गम्भीर मनोवैज्ञानिक र भावनात्मक परिणामहरू निम्त्याउन सक्छ। सबल कानुन र त्यसको कार्यान्वयन उपयुक्त तवरले नभएको अवस्थाले धेरै महिला त्यस्ता प्रकारका हिंसा भोग्न बाध्य बनाइ रहेको छ। उनीहरूको अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गरेको छ भने उनीहरूको अनलाइन सहभागितामा सीमा सिर्जना गरेको छ।

सामाजिक र सांस्कृतिक बाधा: लिङ्गमा आधारित भएर गहिरो जरा गाडिएर रहेका सामाजिक र सांस्कृतिक मान्यताले नेपालमा महिलाको डिजिटल अधिकारलाई सीमित गर्ने गरेको छ। मधेश तथा कर्णालीका महिलालाई इन्टरनेटको पहुाच र इन्टरनेटमा अभिव्यक्त गर्न सामाजिक र सांस्कृतिक मान्यताले अझै बढी रोक लगाएको पाइन्छ। लैङ्गिक स्टेरियोटाइपहरू, रुढीवादी सामाजिक अपेक्षा र परम्परागत लैङ्गिक भूमिकाहरूले महिलालाई सक्रिय रूपमा डिजिटल प्लेटफर्महरूमा संलग्न हुन र

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# दुर्घटना न्यूनिकरण गर्न जनचेतना जगाउन आवश्यक

विराटनगर । कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बढ्दो सवारी दुर्घटा न्युनीकरण गर्न जनचेतना जगाउन आवश्यक रहको वताएका छन् ।

मङ्लबार देखि कोशी प्रदेशमा सुरु भएको ट्राफिक सप्ताह २०८० को समुद्घाटन कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले सो कुरा वताएका हुन । उहाँले वर्षेनी हुने सडक दुर्घटनाका कारण मुलुकले ठूलो मानवीय र भौतिक क्षति व्यहोर्नु परेको दृष्टान्त प्रस्तुत गरेका थिए ।

यातायाता व्यवसायि, सवारी चालक, ट्राफिक प्रहरी, नेपाल प्रहरी लगायतका सरोकारवाला क्षेत्रहरु बीच आपसी सहकार्य गरी काम गर्न सकेमा दुर्घटना कारण वर्षेनी हुने मानवीय र भौतिक क्षति रोक्न सकिने वताउँदै सडक दुर्घटना न्यूनीकरण गर्न आवश्यक पर्ने सबै खालको व्यवस्थापकीय कार्यका लागि सहकार्य गर्न प्रदेश सरकार तयार रहेको पनि प्रतिवद्धता जनाएका थिए ।

सङ्घीय कानूनको अभावमा प्रदेश सरकार आफैले गर्नुपर्ने कतिपय कार्यहरु पनि गर्न नसकेको जानकारी गराउँदै तर त्यस्ता कार्यहरु सहकार्य मार्फत हुँदै आएको वताए । अघिल्लो वर्षहरुको तुलनामा चालू वर्षमा कोशी प्रदेशमा सडक दुर्घटनाको सख्यामा कमी आएको दृष्टान्त प्रस्तुत गर्दै आगमी वर्षहरुमा थप सुधार हुने गरी काम गरेर शुन्यमा झार्नुपर्ने वताए ।

मुख्यमन्त्री कार्की मङ्गल बार नै आर आर एन नामक एक गैर सरकारी सस्थाबाट सञ्चालित जल बायुजन्य विपद् जोखिमहरु प्रति समुदायको उत्थानसिल सुदृढीकरण परियोजनाको उद्घाटन गर्दै कोशी प्रदेशमा ३८ भन्दा बढी किसिमका प्रकोपहरुको जोखिम रहेको अवगत गराएको छ ।

जलबायुजन्य विपद् अन्तर्ग बाढी र पहिरोको जोखिम बढी रहेको बताउँदै पछिल्लो अवस्थामा जङ्गली जनवार हरुको आक्रमणको जोखिम पनि वढी रहेको भन्दै विपद् जोखिम न्यूनीकरणका लागि सरोकार वाला निकायहरुले पूर्व तयारीमा बढी जोड दिनुपर्ने सुझाव दिएका थिए ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


# महासंघको सदस्यता शुद्धिकरणमा विभेद र हेलचेक्र्याइ नगर्न प्रेस चौतारीको चेतावनी

विराटनगर, अषाढ १७ गते । नेपाल पत्रकार महासंघको सदस्यता शुद्धिकरणका क्रममा विभेद र हेलचेर्क्याइँ नगर्न प्रेस चौतारी नेपाल कोशी प्रदेशले पत्रकार महासंघलाई ध्यानाकर्षण गराएको छ । सदस्यता शुद्धिकरणका क्रममा जिल्ला शाखाहरूबाट विभेदपूर्ण निर्णय गरिएको गुनासो आएपछि प्रेस चौतारीले पत्रकार महासंघ कोशी प्रदेश कमिटीलाई विभेदपूर्ण निर्णय सच्याउन र हेलचेर्क्याइँ नगर्न ध्यानाकर्षण गराएको हो ।



प्रेस चौतारीका प्रदेश अध्यक्ष अबिजाल बिष्टले आइतबार पत्रकार महासंघका प्रदेश अध्यक्ष लिलाबल्लभ घिमिरेलाई सदस्यता शुद्धिकरणका विषयमा ध्यानाकर्षण पत्र बुझाएका छन् । चौतारीको तर्फबाट ध्यानाकर्षण पत्र बुझाउँन प्रदेश अध्यक्ष बिष्ट, प्रदेश सदस्य सन्तोष सिग्देल, प्रेस चौतारीका धनकुटा अध्यक्ष रबिन कटेल, मोरङ अध्यक्ष सुदिप कोइराला, मोरङका पूर्वअध्यक्ष माधव अधिकारी लगायतको टोली विराटनगरस्थित पत्रकार महासंघको प्रदेश कार्यालय पुगेको थियो ।

सो क्रममा चौतारीका प्रदेश अध्यक्ष बिष्टले चौतारी सम्बद्ध योग्य सदस्यहरूलाई पनि रोक्ने र अन्य संगठन सम्बद्ध गैर पत्रकारलाई सदस्यताका लागि सिफारिस गर्ने काम भएको गुनासो आइरहेको जानकारी गराए । शुद्धिकरणका क्रममा सबै सदस्यहरूलाई समान आँखाले हेर्न आग्रह गर्दै उनले विभेदपूर्ण निर्णय भएमा प्रेस चौतारी आन्दोलनमा उत्रने चेतावनी दिए ।

चौतारीले बुझाएको ध्यानाकर्षण पत्रमा महासंघभित्र कुनै संगठनको बहुमतका आधारमा आफू नजिकका गैर पत्रकारलाई सदस्यता सिफारिस गर्ने र उस्तै प्रकृतिका अन्य संगठन आवद्ध सदस्यहरूलाई विभेद गर्ने काम भएको उल्लेख छ । सुनसरी, झापा, तेह्रथुम, संखुवासभा र पाँचथरबाट बढी गुनासो आएकाले ती जिल्लाको विषयलाई गम्भीरतापूर्वक लिन आग्रह गरिएको छ । सदस्यता सिफारिस माथि महासंघले आव्हान गरेको उजुरीमा गोपनीयता कायम नगरिँदा समस्या सृजना भएको प्रति सचेत पनि गराइएको छ । महासंघले जारी गरेको शुद्धिकरण सम्बन्धी १५ बुँदे मापदण्ड पूर्ण रुपमा पालना गर्न माग गर्दै त्यसका लागि प्रेस चौतारी सहयोग र सहकार्य गर्न तयार रहेको पनि पत्रमा उल्लेख गरिएको छ ।

सो अवसरमा पत्रकार महासंघका प्रदेश अध्यक्ष घिमिरेले सदस्यता शुद्धिकरणका क्रममा कसैमाथि पनि विभेद नहुने स्पष्ट पारे । महासंघका प्रदेश महासचिव विवेक गौतमले शुद्धिकरणका क्रममा प्रदेशभरबाट १३७ वटा उजुरी प्राप्त भएकाले उजुरीमाथि छानविनको काम थालिएको जानकारी दिए ।










# २७ दिनको नवजात शिशुको जटिल साल्यक्रिया

विराटनगर । विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा नवजात शिशुको जटिल शल्यक्रिया गरिएको छ । सुनसरीको देवानगञ्ज गाउँ पालिका-६ की गीता मेहताको कोखबाट जन्मिएको २७ दिनको नवजात शिशुको जटिल शल्यक्रिया सफलतापूर्वक गरिएको छ ।

बच्चामा जन्मजात देखिएको जटिल एवं दुर्लभ मानिने कनजेनिटल डायफ्रामाटिक हर्नियाको सफलतापूर्वक शल्यक्रिया गरिएको नोबेल अस्पतालका बाल तथा नवजात शिशु सर्जन डा.संजयकुमार शाहले जानकारी दिए । डा.शाहका अनुसार पेट र छातीलाई छुट्याउने पत्र ( डायफ्राम) मा प्वाल परेका कारण बच्चाको पेट भित्र हुनुपर्ने कलेजो, आन्द्रा, आमाशय र फियो छातीमा पुगेको थियो । जसका कारण फोक्सो थिचिएर बच्चालाई श्वास फेर्न गाह्रो हुने, शरीरमा अक्सिजनको मात्रा कमी हुने र शरीर निलो हुने समस्या देखिएको थियो ।

कोशी अस्पतालमा जन्मिएको बच्चालाई श्वास फेर्न गाह्रो भएपछि नोबेल ल्याइएको हो । नोबेलमा एक्सरे गरेर हेर्दा पेटभित्र हुने अंगहरू छातिमा पुगेको देखिएपछि बाल तथा नवजात शिशु सर्जन डा.शाह नेतृत्वको चिकित्सकहरूको टोलीले बच्चाको पेट चिरेर शल्यक्रिया गरेको हो । अप्रेशनका क्रममा एनएस्थेसियोलोजिष्ट डा.बन्दना पौडेल लगायतले साथ दिएका थिए । बच्चाको छातीमा पुगेका अंगहरुलाई पेटमा ल्याई डायफ्रामको प्वाल टालिएको डा.शाहले बताए । 'जन्मजात डायफ्राम प्वाल परेर छातीमा पुगेको कलेजो, आन्द्रा, आमाशय र फियोलाई शल्यक्रिया गरी पेटमा ल्याई प्वाल टालेका छौं, अहिले बच्चाको अवस्था ठिक छ,' डा.शाहले भने, 'यो निकै दुर्लभ र जटिल समस्या हो, करिब ५ हजार बच्चाहरू मध्ये एक जनामा यस्तो समस्या देखिने गर्छ ।'

चिकित्सकहरूका अनुसार यस्तो समस्या हुँदा विकसित हुँदै गएको फोक्सोको विकास क्रमलाई रोक्ने र श्वास फेर्न गाह्रो भई बच्चाको ज्यान जाने जोखिम हुन्छ । भर्खर जन्मिएको बच्चालाई आमाको दूध भन्दा अन्य कुरा खुवाउँदा समस्या हुने र बेहोस पार्दा होस खुल्न गाह्रो हुने जस्ता कारणले यस्तो शल्यक्रिया निकै जटिल

वांकी अन्तिम पेजमा...

# पिछडावर्ग (ओविसी) को मगही भाषा, लोक कला, संस्कृति र संस्कार सम्बन्धी जनचेतना मुलक तालिम



विराटनगर । मोरंगको जहदा गाउँपालिकामा पिछडा वर्ग ( ओविसी) को भाषा, संस्कृति र संस्कार सम्बन्धि तालम ७ वटै वडामा सम्पन्न भएको छ ।

अषाढ ८ गते जहदा गाउँपलिका वडा नं. ५ बाट शुरु भएको तालिम वडा नं. ४ मा अषाढ २२ गते विहीवार सम्पन्न भएको हो ।

पिछडा वर्ग (ओविसी) मा पर्ने बढंई, कुशवाहा, कुर्मी, कुम्हार, कहार, कमार, केवट, कानू, कलवार, तेली, नुनियां, बजिया, भेडिहर, माली, मल्लाहा, मुसलवान, बरई, यादव, राजभर, राजधोब, रौनियार, लोहार, लोध, सुडी, सैनी, सोनार, हलुवाई, हजाम, अमात, केवरत, बर्णवाल, जोगिया, बिन, बेलदार, कालाबाज, बोट, बडै, लहेरा लगायतका जातिहरुको भाषा, संस्कृति र संस्कार सम्वन्धी चेतनामूलक तालिम सम्पन्न गरको छ ।

जहदा गाउंपालिकाको ७ वटै वडामा २/२ दिनको तालिममा सहभागीहरुलाई सहजीकरण भाषा संस्कृति प्रतिष्टनाका अध्यक्ष जय प्रकाश महतो, पत्रकार श्याम सुन्दर सुतिहार, पत्रकार हिरालाल साह, मगही भाषा अभियन्ता रजनीकान्त र समाजिक अभियन्ता जगरनाथ राजयले गरेका थिए ।

उक्त तालिममा पिछडावर्गमा पर्ने जातिहरुको महिला र पुरुष गरी प्रत्येक वडामा ३५ देखि ४० जनाको सहभागीता रहेको थियो । सो तालिममा सहभागीहरुलाई पिछडावर्गको भाषा, संस्कृति, संस्कार र पिछडावर्गमा पर्ने जातिहरुको परम्परागत पेशा र आधुनिक पेशाको वारेमा सहजीकरण गरीएको थियो ।

तालिमको व्यवस्थापन स्थानीय कमल किशोर कामत, लोमस कुमार कामत र सुरज कामतले गरेको थियो ।

७ वटै वडा गरी १४ दिन सम्म संचालन भएको तालिम जहदा गाउंपालिकाको आर्थिक सहयोगर र महादेवी मल्टीप्रपोज प्रा.लि. जहदा १ को आयोजनामा भएको थियो ।



## इन्सेकको रिटमा गृहमन्त्रालयका नाममा उच्चअदालतको परमादेश




विराटनगर । मोरङ कारागारका सवालमा गृह मन्त्रालयसहित अन्य चार ओटा सरकारी कार्यालयलाई विपक्षी बनाइ इन्सेकले दायर गरेको रिटमा उच्चअदालत, विराटनगरले मुद्दालाई अग्राधिकारसहितको परमादेश दिएको छ ।

उच्चअदालत, विराटनगरका न्यायाधीश कृष्णकमल अधिकारीको असार २१ गतेको इजलासले इन्सेकले दायर गरेको रिटमा अग्राधिकारसहितको परमादेश दिएको हो ।

"कारागारमा बन्दी जीवन बिताइरहेका कैदीबन्दीहरूको मानवअधिकार संरक्षण गर्ने, गराउने उद्देश्यले निवेदन दायर गरेको र विषयवस्तुको प्रकृतिबाटै मानवीय सम्वेदनशीलता जोडिएको हुँदा प्रस्तुत मुद्दालाई अग्राधिकार दिई नियमानुसार पेश गर्नु ।" अदालतबाट जारी परमादेशमा उल्लेख छ ।

परमादेशले मुद्दाका विपक्षी गृह मन्त्रालय सिंहदरबार काठमाण्डौं, कारागार व्यवस्थापन विभाग, जिल्ला प्रशासन कार्यालय मोरङ र मोरङ कारागार कार्यालयलाई जिल्ला सरकारी वकिलको कार्यालयमार्फत लिखित जवाफ १५ दिनभित्र पेश गर्न आदेश दिएको छ ।

अदालतको सोही परमादेशले विपक्षी आन्तरिक मामिला तथा कानुन मन्त्रालय,

वांकी अन्तिम पेजमा...

## इन्टरनेटमा...

स्वतन्त्र रूपमा व्यक्त गर्न निरुत्साहित गर्ने तथा सीमा तय गर्ने गरेको छ । डिजिटल स्पेसमा महिलाका सहभागिता र अवसरहरूलाई सीमित गरेका छन् ।

सीमित डिजिटल सीप र जागरूकता: नेपालका धेरै महिलामा डिजिटल संसारमा सहभागी हुन पर्याप्त डिजिटल सीप र चेतनाको अभाव छ । शहरी क्षेत्रमा यस्तो अवस्था त्यति धेरै नभए तापनि ग्रामीण क्षेत्रमा भने यो व्यापक छ । महिलाको साक्षरता प्रतिशत पुरुषको तुलनामा कम छ । गुणस्तरीय डिजिटल साक्षरता कार्यक्रम र तालिमका अवसरहरू नभएका कारणले महिलामा डिजिटल सीप र जागरूकता पनि कम पाइन्छ । डिजिटल क्षेत्रमा महिलाहरूलाई सशक्तीकरण गर्न डिजिटल सीपहरू अभिवृद्धि गर्ने, जागरूकता अभियानहरू प्रवर्द्धन गर्ने र डिजिटल विभाजनलाई कम गर्ने धेरै नीति, परियोजना र अभ्यासको आवश्यकता छ ।

नीतिगत सुधार, इन्टरनेटको पहुच अभिवृद्धि, डिजिटल साक्षरता प्रवर्द्धन, महिलाको डिजिटल अधिकारका बारेमा चेतना, कानुन कार्यान्वयनको प्रभावकारी व्यवस्था, अनलाइन हुने हिंसा र घृणाको उपचारको उचित कानुनी व्यवस्था सम्बोधन गर्नैपर्ने क्षेत्र हुन् ।

अनलाइन गोपनीयता र डाटा संरक्षण: डिजिटल राइट्स नेपालले आयोजना गरेको एक छलफल कार्यक्रममा सहभागी ८० प्रतिशत महिलाले श्रीमान् र परिवारका सदस्यले शंका र प्रश्न गर्ने भएकाले आˆनो मोबाइलमा पासवर्ड नराखेको बताएका थिए । यसले महिलाको अनलाइनमा गोपनीयता र डाटा संरक्षणको जोखिमलाई दर्शाउछ । महिलाहरूको अनलाइन गोपनीयता र डाटा सुरक्षा महत्वपूर्ण चिन्ताका विषय हुन् । गोपनीयताप्रतिको बुझाइ, त्यसको संरक्षण गर्ने सीप, अनलाइन गोपनीयता र डाटा संरक्षण उचित तवरले हुन नसकेको खण्डमा आउन सक्ने जोखिम महिलाहरूको डिजिटल अधिकार सम्बन्धमा महत्वपूर्ण चिन्ता गर्नुपर्ने विषय हुन् । नेपालमा महिलाको डिजिटल अधिकारको रक्षाका लागि पुरुष र महिला दुवैमा डिजिटल गोपनीयता शिक्षाको प्रवर्द्धन गर्न आवश्यक छ ।

डिजिटल वित्तीय सेवाहरूमा पहुाच: महिलाको आर्थिक सशक्तीकरणको लागि डिजिटल वित्तीय सेवाहरूमा पहुाच आवश्यक छ । नेपालमा महिलाहरूले डिजिटल भुक्तानी प्रणाली, अनलाइन बैंकिङ र अन्य वित्तीय सेवाहरूमा पहुाच कायम गर्दा वा प्रयोग गर्दा अनेक अवरोधहरूको सामना गर्नु परिरहेको छ । कोभिड-१९ पछि केही महिला अनलाइनमा आधारित व्यवसायमा समेत सहभागी भएको देखिन्छ तर त्यो सीमित छ । महिला उद्योगी महासंघले यस क्षेत्रमा क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रम संचालन गरेको पनि देखिन्छ । यद्यपि यी विषयहरू संरचनागत रूपमा सम्बोधन गर्न आवश्यक छ । अनलाइनमा महिलाको वित्तीय समावेशीकरणको लागि सरकारले छुट्टै नीति र अभ्यासको आवश्यकतालाई सम्बोधन गर्नु जरूरी हुन्छ ।

यी प्रमुख मुद्दाहरूलाई सम्बोधन गर्न सरकारी पहल, नागरिक समाज र निजी क्षेत्रको सहभागितामा बहुपक्षीय दृष्टिकोण आवश्यक छ । नीतिगत सुधार, इन्टरनेटको पहुाच अभिवृद्धि, डिजिटल साक्षरता प्रवर्द्धन, महिलाको डिजिटल अधिकारका बारेमा चेतना, कानुन कार्यान्वयनको प्रभावकारी व्यवस्था, अनलाइन हुने हिंसा र घृणाको उपचारको उचित कानुनी व्यवस्था सम्बोधन गर्नैपर्ने क्षेत्र हुन् ।

लैङ्गिक समानता हासिल गर्न, अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन गर्न, सूचनामा पहुाच सुनिश्चित गर्न, महिलालाई आर्थिक रूपमा उकास्न, अनलाइन सुरक्षा प्रदान गर्न, राजनीतिक र सामाजिक सहभागिता बढाउन, गोपनीयता र तथ्यांक सुरक्षालाई सुनिश्चित गर्न, आत्मनिर्णय र सशक्ती करणलाई बढावा दिन महिलाको डिजिटल अधिकार महत्वपूर्ण हुन्छन् ।

यी अधिकारहरूको संरक्षण गरेर थप समावेशी, न्यायपूर्ण र सशक्त डिजिटल समाज सिर्जना गर्न सकिन्छ जसले डिजिटल लैङ्गिक अन्तरलाई न्यून गरी लैङ्गिक समानतामा पुग्न वा संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यहरू (एसडीजी) हासिल गर्न समेत योगदान दिनेछ ।

(अर्याल डिजिटल अधिकार नेपालका अध्यक्ष हुन् ।)




